# विश्व

## अजिव

दक्षिणी चीनको दोन्ज्गुआन रेलवे स्टेसनमा एक महिला यात्रुलाई ह्यान्डब्यागसहित एक्स-रे मेसिनमा देखिएको छ । सम्भवत: पैसा भएको ब्याग चोरिने पीरले उनले यस्तो हरकत गरेको अनुमान गरिएको छ ।



## दुर्घटना

भारतको हरियाणाको एक पार्कमा गो-कार्टको पांग्रामा केश बटारिएर एक महिलाको मृत्यु भएको छ ।



## विश्व २ मिनेट

### दक्षिण अफ्रिका

#### नयाँ राष्ट्रपति

जोहान्नेसवर्ग, (एजेन्सी)

विवादास्पद राष्ट्रपति ज्याकोवले राजीनामा दिएपछि बिहीबार सिरिल दक्षिण अफ्रिकाका राष्ट्रपति बनेका छन्। संसद्मा राष्ट्रपति पदका लागि उनको मात्र उम्मेदवारी परेपछि मतदानको पनि आवश्यक परेन। सत्तारुढ अफ्रिकन नेसनल (एएनसी) कंग्रेसका विधायकहरूले रामाफोसालाई सर्वसम्मत राष्ट्रपति घोषित गर्नासाथ निकै खुसी प्रकट गरेका थिए। ६५ वर्षीय रामाफोसाले भ्रष्टाचार निर्मूल गर्दै देशमा आर्थिक सुधार गर्ने प्रतिबद्धता जनाएका छन्। एएनसीले जुमालाई पदबाट राजीनामा नदिएको खण्डमा अविश्वासको प्रस्ताव दर्ता गराउने चेतावनी दिएको थियो। उनले टेलिभिजनमार्फत राजीनामा दिन लागेको बताएका थिए।

### अस्ट्रेलिया

#### यौन प्रतिबन्ध

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाली प्रधानमन्त्री माल्कोम टर्नबुलले बिहीबार आफ्ना मन्त्रीहरूलाई तिनको कर्मचारीसँग यौन सम्पर्क राख्न नदिने बताएका छन्। उपप्रधानमन्त्रीको आफ्नी एक पूर्वकर्मचारीसँग यौन सम्बन्ध रहेको खुलासा भएपछि टर्नबुलले यो निर्णय सार्वजनिक गरेका हुन्। नियमित पत्रकार सम्मेलनमा उनले बार्नाबी जोयसको आलोचना गरेका छन्। मन्त्री पदको हैसियत र मर्यादा उल्लंघन गरेको विषयमा निगरानी भइरहेको समयमा जोयस सोमबारदेखि बिदा बस्न लागेका बताइएको छ। टर्नबुलले जोयसले मन्त्रीको आचार संहिता उल्लंघन गरेकोमा पूर्णत: सच्चिनुपर्ने बताएका छन्।

### इथियोपिया

#### प्रमद्वारा राजीनामा

अडिसअवावा, (एजेन्सी)

सरकारविरुद्ध भयानक जनप्रदर्शन भइरहेका बेला इथियोपियाका प्रधानमन्त्री हेलेमारियाम डेसालेग्नले बिहीबार राजीनामा दिएको सरकारी टेलिभिजनले जनाएको छ। टेलिभिजनमार्फत सम्बोधन गर्ने क्रममा उनले आफ्नो राजीनामाको उद्देश्य राजनीतिक सुधार ल्याएर देशलाई दिगो शान्ति र प्रजातन्त्रतर्फ अघि बढाउनु रहेको बताएका छन्। सन् २०१२ देखि राष्ट्रको नेतृत्व गर्दै आएका हेलेमारियामले सत्तारुढ गठबन्धनको अध्यक्ष पदबाट पनि राजीनामा दिएका छन्। गतवर्ष मात्र इथियोपियामा राष्ट्रिय संकटकाल स्थितिको अन्त्य भएको थियो। केही महिनायता ओरोमिया र आहारा शहरमा व्यापक जनप्रदर्शन हुँदै आएको थियो।

### भारत

#### बैंक घोटाला

नयाँदिल्ली, (एजेन्सी)

भारतको दोस्रो ठूलो सरकारी बैंकले मुम्बईस्थित आफ्नो एउटा शाखामा १ अर्ब ८० करोड अमेरिकी डलर घोटाला भएको बिहीबार तथ्य सार्वजनिक भएको छ। उक्त घोटालाको रकम परिमाण पन्जाब नेसनल बैंकको बजार मूल्यको एक तिहाइ र सन् २०१७ को उक्त बैंकको अन्तिम ३ महिनाका नाफाको ५० गुणा बढी रहेको बताइएको छ। उक्त बैंकले यस घोटालाबाट केही मुठ्ठीभरका ग्राहक लाभान्वित हुने देखिएको बताइएको छ। तर, यस घटनाले अन्य बैंक पनि प्रभावित हुने र भारतको बैंकिक क्षेत्रकै विश्वसनीयता गुम्ने चिन्ता बढेको छ।

# फ्लोरिडाको स्कुलमा गोली प्रहार, कम्तीमा १७ जनाको मृत्यु

## आक्रमणकारी प्रहरी हिरासतमा

फ्लोरिडा, (एजेन्सी)

अमेरिको फ्लोरिडा राज्यको पार्कल्यान्डमा एक स्कुलमा भएको गोलाबारीमा कम्तीमा एक शिक्षकसहित १७ जनाको मृत्यु भएको प्रहरीले बताएको छ।

गोला प्रहारको संदिग्धको नाम निकालस क्रुज भएको र उनलाई प्रहरीले घटनास्थलबाटै हिरासतमा लिइसकेको बताइएको छ। १९ वर्षीय निकोलस स्कुलका पूर्वछात्र हुन् र उनलाई स्कुल केही दिनअगाडि मात्रै निस्कासन गरेको थियो।

निकोलसले स्कुलको फायर अलार्म बजाएकाले स्कुलका छात्रछात्राबीच भागदौड मच्चिएको र त्यसपछि उनले गोली प्रहार गर्न थालेको स्थानीय अधिकारीले सीबीएस न्युजलाई बताए।

गोली प्रहारपछि स्कुलका विद्यार्थी कक्षाकोठामै लुकेको र प्रहरीले विद्यालय परिसर तथा भवनहरूलाई घेराबन्दी गरेका थिए। गोली प्रहार भएको एक घण्टापछि ब्रोवार्ड काउन्टीका सुरक्षा कार्यालयले गोली प्रहार गर्ने व्यक्तिलाई हिरासतमा लिइएको जानकारी दिएको थियो।

उक्त कार्यालयले अहिलेसम्म १४ पीडितका बारेमा जानकारी प्राप्त गरेको जनाएको छ। यद्यपि उनीहरूको स्थितिका बारेमा जानकारी दिएको छैन। यसअघि स्टोनम्यान डगलस हाइस्कुलका सुपरिटेन्डेन्ट रोबर्ट रेन्सीले पत्रकारलाई स्कुलमा केही व्यक्ति हताहत भएको जानकारी दिएका थिए।

उनले भने- 'संदिग्ध सम्भवत: पूर्वछात्र थिए र उनलाई हिरासतमा लिइसकेको छ भन्ने हामीलाई लागेको छ।'

एफबीआईले घटनालाई लिएर स्थानीय प्रशासनलाई मद्दत गरिरहेको बताए। अमेरिकी टेलिभिजन च्यानलहरूले स्कुलमा अध्ययन गर्ने छात्रछात्राका मातापिता ठूलो संख्यामा प्रहरी परिसरबाहिर जम्मा भएको जनाएका छन्।

हवाइट हाउसका प्रवक्ता लिन्डर्स वाटर्सले भने- 'राष्ट्रपतिलाई फ्लोरिडाको स्कुलमा भएको घटनाबारे जानकारी दिइसकेका छौं । हामी त्यहाँको स्थितिलाई नजिकबाट बुझिरहेका छौं।'

फ्लोरिडाका गभर्नर रिक स्कटले गोली प्रहारको बारेमा राष्ट्रपति डोनाल्ड ट्रम्पसँग वार्ता गरेको बताए। राष्ट्रपति ट्रम्पले ट्विटरमा पीडित परिवारलाई सान्त्वना दिएका छन्।



ठूलो क्षेत्रफलमा फैलिएको उक्त स्कुलमा ३ हजारभन्दा धेरै विद्यार्थी अध्ययनरत रहेको अधिकारीहरूले जानकारी दिएका छन्।

आक्रमणका बेला निकोलसले एआर-१५ राइफल आफूसँग राखेको र उनीसँग प्रशस्त कारतुस रहेको स्थानीय प्रहरीले जानकारी दिए। कुलको ढोकाबाटै गोली प्रहार गर्न थालेका आक्रमणकारीपछि स्कुलको परिसरभित्रै प्रवेश गरेका थिए।

फायर अलार्म बजेपछि विद्यार्थी भवनबाट बाहिर निस्केका थिए। यसले आक्रमणकारी आफ्नो उद्देश्यमा सफल भएको छात्रछात्राले बताए। अमेरिकाको नेसनल काउन्सिलका अनुसार फ्लोरिडा अमेरिकाको तस्रो सबैभन्दा सुरक्षित मानिएको शहर हो। अमेरिकाको एक गैरसरकारी संस्थाको रिसर्चमा यो स्कुल वा त्यसको परिसर वरपर यसै वर्ष भएको १८औं गोलाबारीको घटना भएको उल्लेख गरिएको छ।

सन् २०१३ देखि अमेरिकामा स्कुलमा भएका गोली प्रहारको २ सय ९१ घटना भएका छन्। अर्थात् औसतमा प्रत्येक हप्ता स्कुलमा गोली प्रहारको एक घटना हुने गरेको छ।



प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
५ नं प्रदेश, नेपाल

सच्चाईएको सूचना

मिति २०७४/१०/२६ गते प्युठान नगरपालिकाको निर्माण तथा वस्तु आपूर्ति सम्बन्धी ठेक्का नम्बर १-५ सम्मका बोलपत्र तथा दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित भएकोमा उक्त सूचना मिति २०७४/११/४ गतेदेखि लागु हुने गरी मिति परिवर्तन गरिएकोले उक्त मितिदेखि लागु हुने गरी सच्चाईएको साथै उक्त सूचना यस नगरपालिकाको वेवसाईट pyuthanmun.gov.np मा लगईन गरी हेर्न सकिने व्यहोरा अनुरोध छ ।

## दलितद्वारा आत्मदाह



सुरत, (एजेन्सी)

भारतको गुजरात राज्यमा एक दलित कार्यकर्ता भाबु वणकरले कलेक्टर कार्यालयको परिसरमा आत्मदाह गरेका छन्। उक्त घटना बिहीबार अपराह्न हो। उनी दादुखा गाउँमा दलितका लागि खेती गर्न जमिन उपलब्ध गराउन संघर्ष गरिरहेका थिए।

आत्मदाहपछि परमारलाई नजिकको अस्पतालमा पठाइएको तर डाक्टरले उनलाई मेहसाणाको अस्पतालमा पठाएको थियो। उक्त घटनापछि दलित कार्यकर्ता र गुजरातका विधायक जिग्नेस मेवाणीले शुक्रबार पाटन बन्दको घोषणा गरेका छन्।

मेवाणीले मेहसाणा जिलाका प्रहरी प्रमुखलाई निलम्बन गर्नुपर्ने माग पनि गरेका छन्। घटनाको पुष्टि गर्दै सीमा सुरक्षाका आईजी पियूषले पाटनमा अतिरिक्त सुरक्षा बल पठाएको बताए। उनले वरपरको जिलाबाट २ सय प्रहरी तथा करिब १ सय रिजर्भ बलका प्रहरी पनि स्थिति नियन्त्रणका लागि त्यसतर्फ पठाइसकेको जानकारी दिए।

Civil Aviation Authority of Nepal
Tribhuvan International Airport Civil Aviation Office
**Civil Engineering Division**
Gauchar, Kathmandu

**Notice for the Invitation for Bids**

**First Date of Publication: 2074/11/04**

1. Tribhuvan International Airport Civil Aviation Office (TIACAO), Gauchar, Kathmandu intends to apply part of its fund to cover eligible payment under the Contracts for the Procurement of the Works as specified below in the table:

| S.N. | Name of Work & Contract No. | Estimated Amount (NRs) | Bid validity period | Cost of Bid Documents | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Relocation of Army Post Near EOD at TIA Contract No: TIACAO/CED/06/074-75 | NRs 16,89,675.24 (Including VAT) | 75 days after bid opening | NRs. 1130.00 | NRs. 45,000.00 |
| 2 | Beautification works including gardening at TIA, Contract No.: TIACAO/CED/07/074-75 | NRs. 26,70,142.16 (Including VAT) | 120 days after bid opening | NRs. 3,390.00 | NRs. 65,000.00 |

2. Last date and time to purchase the Bid documents is up to 2074/11/18, 15:00 hrs and submission of bids upto 2074/11/20, 12:00 hrs for S.N. 1 and purchase of the Bid documents is up to 2074/12/04, 17:00 hrs and submission of bids upto 2074/12/05, 12:00 hrs for S.N. 2.
3. TIACAO, Civil Engineering Division (CED) invites sealed Bids submitted manually from all the eligible Nepalese Bidders maximum three [3] partners in Joint Venture) for the procurement of above works under National Competitive Bidding (NCB).
4. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the office of the Chief, CED, TIACAO, Gauchar, Kathmandu, Phone: 01-4490699, 01-4113033 (2534).
5. **Hard copy** of Bidding documents may be purchased from the above office of TIACAO on the written application an upon submission of the bank receipt of non-refundable amount submitted on Current Account Number 58 of Rastriya Banijya Bank, Airport Branch, TIA and approval of bank voucher from TIACAO Revenue Section.
6. **Sealed Bids** must be submitted to CED/TIACAO, Gauchar, Kathmandu on/or before 12:00 hours of the last day of submission of Bids as specified above. The contractor's documents shall be attested from notary public.
7. Sealed Bids shall be opened in the presence of Bidders representatives who choose to attend at 14:00 hours of the last date of submission of the Bids at the office of CED, TIACAO.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their Bids.
9. TIACAO reserves the right to accept or reject, wholly or partly, any or all the Bids without assigning any reasons, whatsoever.
10. If the last date of purchasing, submission and the opening of the Bids falls on Government Holiday then the next working day shall be considered as the respective last dates.
11. Other terms and conditions as per active Public Procurement act 2063 and Public Procurement Regulations 2064.

नेपाल सरकार
खानेपानी तथा सरसफाइ मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
खानेपानी गुणस्तर शाखा

**बोलपत्र आव्हानको सूचना**

*सूचना प्रकाशित मिति : २०७४/११/०४*

यस शाखाबाट चालू आ.व. २०७४/७५ मा निम्न कार्य गर्नुपर्ने भएकोले सो सम्बन्धी नेपाल सरकारको सर्म्बन्धित निकायबाट कारोबार गर्ने इजाजत प्राप्त निर्माता कम्पनी/आपूर्तिकर्ताहरुबाट तपशिलका शर्तहरुको अधीनमा रही बोलपत्र आव्हान गरिन्छ ।

**तपशिल**

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र बोलपत्र दस्तुर रु. ३,०००। (तीन हजार रुपैंया मात्र) (फिर्ता नहुने गरी) तिरी कारोवारको इजाजत प्रमाणपत्र, स्थायी लेखादर्ता र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रहरुको प्रर्तिलिपि र आ.व. २०७३/७४ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रर्तिलिपि पेश गरि यस विभागको आर्थिक प्रशासन शाखा र दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना, पानीपोखरी, काठमाडौंबाट खरिद गर्न सकिनेछ ।
२. म्याद भित्र खरिद गरेको बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) र (बोलपत्र खरीद गर्ने अन्तिम दिन बिदा परेमा बोलपत्र खरीद गर्ने अन्तिम दिनको भोलिपल्ट र सो दिन पनि बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) दिनको १२ बजेभित्र यस विभागको आर्थिक प्रशासन शाखामा दर्ता गरिसक्नु पर्नेछ र सोही दिन दिनको १३:०० बजे उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।
३. खरिद गरेको बोलपत्र फाराममा दररेट भरि शिलबन्दी गरि ठेक्का नं. र कामको विवरण उल्लेख गरी पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रर्तिलिपि, फोटोकपि वा अन्य कागजातमा पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
४. बोलपत्र पेश गर्दा बोलपत्र पेश गर्ने फर्म, कम्पनी वा संस्थाको अधिकार प्राप्त प्रतिनिधिले बोलपत्र फारामको प्रत्येक पानामा रीतपुर्वक सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाएको हुनु पर्नेछ । बोलपत्र साथ कारोवारको इजाजत प्रमाणपत्र, स्थायी लेखा दर्ता र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रहरुको प्रर्तिलिपि र आ.व. २०७३/७४ सम्मको करचुक्ता गरेको प्रमाण पत्रको प्रर्तिलिपि पेश गर्नुपर्नेछ ।
५. पेश भएको बोलपत्रको मुल्यांकन सम्पन्न गरी ठेक्का सम्झौता गर्नको लागि बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ ।
६. बोलपत्र पेश गर्दा खानेपानी तथा ढल निकास विभाग, खानेपानी गुणस्तर शाखा, पानीपोखरी भनी सम्बोधन गर्नु पर्नेछ ।
७. सिलबन्दी बोलपत्र पेश गर्ने फर्म, कम्पनी वा संस्थाले सिलबन्दी बोलपत्र साथ निम्न बमोजिमको नगद जमानत वापत् को.ले.नि.का.भू. केन्द्र नं. ३ लैनचौरको नाममा रा.वा.बैंक ठमेल स्थित धरौटी एकलखाता नं. ११००२०३०००००० मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारवाट मान्यताप्राप्त बाणिज्य बैंकले जारी गरेको सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० (एक सय बीस दिन) मान्यता भएको बैंक ग्यारेण्टी (बिडबण्ड) पेश गर्नु पर्नेछ ।
८. कबोल अंक उल्लेख गर्दा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।
९. यो सूचना बमोजिम पर्न आएका बोलपत्रहरु स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।
१०. यो योग्यतारहित, राष्ट्रियस्तरको बोलपत्र हो र यस बोलपत्रको खरीद विधि इकाइ दर खरीद विधि रहनेछ ।
११. प्रचलित ऐन बमोजिम कालो सूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले नयाँ फर्म, कम्पनी वा संस्था खोली कारोबार गरेको भए त्यस्तो व्यक्ति, फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न पाउने छैन ।
१२. बोलपत्रमा कुनै शर्त राख्न पाइने छैन । म्याद नाघी आएको र रित नपुगेको बोलपत्रमा कुनै कारवाही हुने छैन ।
१३. बोलपत्र पेश गर्दा बोलपत्रदाताले आफ्नो पत्राचार गर्ने ठेगाना र सम्पर्क फोन नं. उल्लेख गर्नु पर्नेछ ।
१४. अन्य जानकारीको लागि कार्यालय समयभित्र यस शाखामा सम्पर्क राख्न सकिने छ ।
१५. यस सूचनामा उल्लेख भए देखी बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**तपसिल**

| ठे.नं. | कामको विवरण | बोलपत्रदाता | भ्याट बाहेकको ल.इ. रकम (रु.) | धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ३/०७४/७५ | विभिन्न जिल्लाहरुमा क्लोरिनेसन यूनिट फेब्रिकेसन, सप्लाई, इन्सटलेसन तथा कमिसनिङ्ग कार्य | निर्माता कम्पनी /आपूर्तिकर्ताहरुबाट | ४९,३७,६२५।- | १,४०,००० | |